ISSN - 2717-4751

*Unity Journal*
Vol.7, 377-388, Feb 2026
https://doi/org/10.3126/unityj.v7i1.90490
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# पर्यावरण सङ्कट र नेपाली कवितामा संरक्षण चेतना

**डा. गिता थपलिया**
सहायक प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस
Corresponding Email: geetatripathee@gmail.com

**ARTICLE INFO**

***Article history***
*Received: 28 Oct 2025*
*Accepted: 20 Jan 2026*

***शब्दकुञ्जी***
**पर्यावरणबोध**
**प्रकृतिकेन्द्री**
**नेपाली सेना**
**मानवकेन्द्री**
**सहअस्तित्व**
**संरक्षण चेतना**

**लेखसार**

*आधुनिकीकरणका विविध मानकहरूले मानवकेन्द्री संरचना निर्माण र उपभोक्तामुखी जीवनशैलीतिर महत्त्वाकाङ्क्षी बन्दै गएको मानव संस्कृतिलाई नै प्रोत्साहन गरिरहेकाले सहरीकरण र भौतिक सुखसुविधातिर मानिसको अभिरुचि झनै बढ्दै गएको छ । प्रकृतिलाई हेर्ने मानवीय दृष्टि केवल उपभोक्तामुखी हुँदै गएकाले प्रकृति निरन्तर दोहनमा परेको छ । प्रकृति विनाश र पर्यावरणीय असन्तुलनको यस्तो वर्तमान परिघटना नै पर्यावरण सङ्कटको स्थिति हो । यस स्थितिमा मानिस लगायत सम्पूर्ण जैविक प्रणाली नै कष्टसाध्य र लोपोन्मुख हुँदै छ । जल, जमिन, जङ्गल र वायुमा आइरहेको विकारका कारण पृथ्वीको तापमानमा वृद्धि भएर मौसमको प्राकृतिक प्रक्रियालाई नै बिथोलिदिएकाले समयअनुसारका पारिस्थितिकीमा नकारात्मक असर परेको छ । यस्तो समयका भोक्ता भएका कविहरूले पर्यावरण जोगाउने उद्देश्यसहित कविता सिर्जना र प्रकाशन गरिनु संरक्षण चेतना विस्तारको एक महत्त्वपूर्ण प्रयास हो । नेपाली सेना र स्थानीयले मिलेर व्यावहारिक रूपमा दिएको योगदान सर्वविदितै छ । नेपाली कविताले पर्यावरण सङ्कटको यस विषाक्त घडीमा पर्यावरणबोध र प्रकृति संरक्षणको विषयलाई के कसरी प्रतिनिधित्व गरेको छ भन्ने केन्द्रीय कथ्यमा आधारित भएर यो शोधलेख तयार पारिएको छ । सोद्देश्य चयन गरिएका कवितालाई प्रकृतिको केन्द्रीयता, पारिस्थितिक प्रणाली, प्रकृति र मानिसको सम्बन्धजस्ता विषयमा केन्द्रित रही विषय र सन्दर्भपरक विश्लेषण गरिएको छ । यसका निम्ति पर्यावरणीय समालोचना पद्दतिका सैद्धान्तिक र स्थानीय व्यावहारिक पक्षका आधारहरू विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धानबाट पछिल्लो दशकका नेपाली कवितामा पर्यावरणबोध र पर्यावरण सङ्कटका विषयलाई महत्त्वका साथ प्रकट गरिएको पाइएको छ भने कविताको रचनाकारितामा उत्प्रेरणा जगाउने व्यावहारिक प्रयासहरू पाइएका छन् । यस अध्ययनबाट ती कवितामा प्रकृतिकेन्द्री चिन्तनसहित पर्यावरण संरक्षणलाई मानवीय कर्मका रूपमा विस्तार गरिनुपर्ने सन्देश दिइएको निष्कर्ष निकालिएको छ ।*

## परिचय

मानवनिर्मित कृत्रिम जगत्भन्दा बाहेकको स्वसिर्जित प्राकृतिक संरचनाको समग्रता नै पर्यावरण हो । प्राणीका निम्ति सबैभन्दा उपयुक्त वासस्थान रहेको पृथ्वीको यो परिवेश प्रकृतिको बृहत् छटाले परिव्याप्त छ । मूलतः पञ्चतत्त्वमय यस जगत्का जल, जमिन, जङ्गल, वायु र तापले सम्पन्न प्रकृतिभित्र पशुप्राणीहरूको समग्रता र सहभावमा मानव जीवनको निरन्तरता रहेको ज्ञानको प्रतिबिम्बन हुनु नै पर्यावरणबोधको स्थिति हो । प्रकृति र प्राणीविना मानव र मानवीय क्रियाकलापको परिकल्पना हुन सक्दैन । प्रकृति र मानिसबिच अन्योन्याश्रित सम्बन्ध हुँदाहुँदै पनि वर्तमान

समयमा मानिसकै क्रियाकलापका कारण प्रकृति चरम दोहनमा परिरहेको छ । प्रकृति विनाशको कारकका रूपमा रहेका विभिन्न होडबाजीबाट विगतमा मुक्त रहेको तथा हिमाली परिवेशले घेरिएको नेपालसमेत प्रकृति विनाशको विश्वव्यापी प्रभावबाट मुक्त हुनसकेन । स्थानीय रूपमा पनि यातायातका साधनको अनियन्त्रित प्रयोग, सुख्खा मौसममा जङ्गलमा फैलने डँढेलो, नदीनालाबाट जथाभावी निकालिने ढुङ्गा-गिट्टी, नदीनालामा विनाप्रशोधन मिसाइने ढल, फोहर व्यवस्थापनमा आउने समस्या, अव्यवस्थित विकास योजना, बेलाबखत हुने राजनीतिक विद्रोह र विरोध प्रदर्शनका क्रममा हुने आगजनी तथा विस्फोटक पदार्थले समेत वर्तमान नेपालको पर्यावरणमा क्षति पुऱ्याएको छ । पर्यावरण बचाउमा नेपालका सन्दर्भमा भएका प्रयासहरूको बोधसहित समकालीन नेपाली कविहरूले प्रकृतिको महत्त्व र पर्यावरण सङ्कटका विषयमा संरक्षण चेतनासहितका कविता रचना गर्दै आएका छन् ।

मूलतः २०४० को दशकदेखि नेपाली कवितामा पर्यावरणीय समस्यामाथि चिन्तन गरी कविता सिर्जना गरिएको पाइन्छ । २०३५ सालतिरै प्रकृति संरक्षणको अवधारणासहित भूराजनीतिक अवस्था र आवश्यकताको सुदीर्घ चिन्तन गरी तत्कालीन सरकार र सुरक्षा निकायको तत्परतामा राष्ट्रिय वन्यजन्तु आरक्षण तथा निकुञ्जहरू स्थापना गरी प्रकृतिप्रति उत्तरदायित्वबोध गराउने प्रयास भएको देखिन्छ । २०४० सालयता सहरीकरण र खुला बजारका वैश्विक नीतिसमेतले प्रश्रय पाएको हुँदा उपभोक्तामुखी मानवकेन्द्री जीवनपद्दति हावी हुँदै गएका छन् । स्थानीय भूगोल र प्राकृतिक वातावरण सापेक्ष विकास योजनाहरू नहुँदा वनजङ्गल विनाश, बाढी पहिरोको समस्या, वायुमण्डलीय उष्णतामा वृद्धि तथा विषाक्त ग्याँस उत्सर्जनले असन्तुलित मौसम परिवर्तनजस्ता स्थिति आजका जल्दाबल्दा सङ्कटका रूपमा देखा परेका छन् र नेपाली कवितामा तिनले जनजीवनमा पारेको प्रभाव र क्षतिका विषय सम्बोधित छन् । यस विषयमाथि केही महत्त्वपूर्ण पूर्वकार्यहरू सम्पन्न भएका छन्, जसको समीक्षात्मक अध्ययनबाट नै यो अध्ययनको क्षेत्र पहिल्याउन सहयोग पुगेको छ । यसअगि *उत्तरआधुनिक जिज्ञासा* (२०६४), उत्तरआधुनिक संवाद (२०६७), *उत्तरआधुनिक विमर्श* (२०६४), समय सौन्दर्य *पर्यावरण र कविता* (२०७०), *पर्यासाहित्य सिद्धान्त र सिर्जना* (२०८०) तथा त्रिभुवन विश्वविद्यालय नेपाली र अङ्ग्रेजी विषयका केन्द्रीय विभाग अन्तर्गत सञ्चालित एमए, एमफिल र पिएचडी तहमा केही महत्त्वपूर्ण प्राज्ञिक अनुसन्धानहरू भएका छन् । यस अध्ययनमा प्रकृति संरक्षणमा विगत पचास वर्षदेखि नेपाली सेनाले पुऱ्याउँदै आएको योगदानलाई *स्वर्गको सेवा* (२०७८) र *जर्नेलदेखि रेन्जरसम्म* (२०७८) तथा *युनिटी जर्नल*मा प्रकाशित क्लाइमेट चेन्ज र सफा हिमाल अभियानसम्बन्धी लेख लगायतका सामग्री प्रयोग गरिएको छ । यी पूर्वकार्यहरूको समीक्षात्मक अध्ययनका आधारमा पर्यावरणबोध र सम्भाव्य विनाशका विषयमा नेपाली कवितामा संरक्षण चेतना अध्ययनक्षेत्र चयन गरिएको हो । यस अनुसन्धानको उद्देश्यस्वरूप पर्यावरण बचाउ र सङ्कटको स्थितिलाई नेपाली कवितामा के कस्तो संरक्षण चेतनासहित प्रस्तुत गरिएको छ भन्ने विषयको खोजी र मूल्याङ्कन गरिएको छ ।

पर्यावरणीय समस्यामा केन्द्रित भएका समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ । सन् १९७० को दशकदेखि पश्चिमी समालोचनामा प्रकृतिकेन्द्री पर्यावरणीय अध्ययनलाई विधिवत् अघि बढाइएको पाइन्छ भने हाल पूर्वीय जीवनदर्शनका आधारमा प्रकृति र मानिसको सम्बन्धलाई प्रकृतिकेन्द्री पक्षबाट विश्लेषण गर्ने कार्यको थालनी भएको छ । नेपालमा पर्यावरणीय सिर्जना र समालोचनाको पृष्ठभूमिमा वातावरण संरक्षणका निम्ति गरिने वृक्षरोपण, नदीनाला सरसफाइ, जमिनको उर्वराशक्ति कायम राख्नका निम्ति प्राङ्गारिक मल तयार पार्नेसम्बन्धी परियोजनासँग निकटस्थ रहेर स्थानीयतामा आधारित अभियानसँग सहकार्य गरेको देखिन्छ । यसै सन्दर्भमा अन्नपूर्ण संरक्षण क्षेत्रको सहकार्यमा नेपाली कविहरूले पनि संरक्षण कविता लेखनलाई आन्दोलनकै रूपमा अघि बढाई प्रकृतिकेन्द्री कविता रचनाको आरम्भ २०५३ बाट गरेको देखिन्छ । यस अध्ययनमा संरक्षण कविता यात्रा पोखरा (२०५३), भुइँफुट्टा शब्दहरू (२०७०), पर्याप्रेमको गुञ्जन (२०८०) तथा प्रकृत्या सह जीवनम् (२०८१) गरी पाँचवटा पर्यावरणीय कविता सङ्ग्रहका प्रतिनिधि कविता तथा प्रतिनिधिमूलक फुटकर कविताहरू 'अब मान्छे मर्नै

पर्छ कि कसो !' र 'पानीको रङ' कविताका आधारमा विश्लेषण गरी पर्यावरणको वर्तमान स्थिति, सम्भाव्य सङ्कट र नेपाली कविताले सस्वर गरेको संरक्षण चेतनाको मूल्याङ्कन गरिएको छ ।

## अध्ययनविधि

पर्यावरण संरक्षणप्रतिको जिम्मेवारीबोध गरी नेपाली भाषामा रचना गरिएका प्रकृतिकेन्द्री प्रतिनिधि कविता कृतिहरू प्राथमिक सामग्रीका रूपमा तथा यस विषयमा भएका पूर्वकार्यसहित विश्लेषणका सैद्धान्तिक आधार ग्रन्थ, लेख, समालोचना तथा पुस्तक-पत्रपत्रिकाहरू द्वितीयक सामग्रीका रूपमा पुस्तकालय स्रोतबाट सङ्कलन गरिएका छन् । सङ्कलित कृतिहरूबाट सोद्देश्य चयन गरिएका कवितालाई गुणात्मक अध्ययन विधिअनुसार विषय र पाठपरक विश्लेषण गरिएको छ । विश्लेषणका प्रतिमानहरू प्रकृतिको केन्द्रीयता, पारिस्थितिक प्रणाली तथा प्रकृति र मानिसको सम्बन्ध रहेका छन् । सेरिल ग्लटफेल्टी र हेराल्ड फ्रोमको प्रकृतिकेन्द्री सांस्कृतिक अवधारणा, अर्ने नेइसको गहन पर्यावरण (डिप इकोलोजी), जोन ह्यानिगनको विषाक्त सङ्कथन (टक्सिक डिस्कोर्स) र पर्यावरण संरक्षणमा सामाजिकताको भूमिकासम्बन्धी मान्यता लगायतका पर्यावरण सिद्धान्तमा आधारित भई पर्यावरणीय कविताको विश्लेषण गरिएको छ ।

## पर्यावरणीय समालोचना : सङ्कटबोध र संरक्षणसम्बन्धी सैद्धान्तिक अवधारणा

पर्यावरणीय साहित्य अध्ययन र विश्लेषणका निम्ति प्रयोगमा ल्याइएका शब्दलाई 'पर्यावरणीय समालोचना' भनिन्छ । यो शब्द सर्वप्रथम पश्चिमी पर्यावरणीय लेखनका सन्दर्भमा निबन्धभित्र समावेश भएको देखिन्छ (रुकर्ट, सन् १९७८, पुनःप्रकाशन ग्लटफेल्टी र फ्रोम, १९९६, पृ. १०५-१२३) । रुकर्टले उक्त निबन्धात्मक लेखमार्फत पर्यावरणीय अध्ययनलाई समालोचनाको नयाँ विमर्शका रूपमा प्रस्तुत गर्नुपर्ने धारणा प्रस्तुत गरेका हुन् । सेरिल ग्लोटफेल्टीले सन् १९८९ मा पर्यावरणीय समालोचनाका पक्षमा आफ्नो मत अघि सारिन् । यिनै पृष्ठभूमिबाट पर्यावरणीय समालोचनाको सुरुवात सन् १९९० को दशकमा भएको हो । बिसौँ शताब्दीबाट एउटा ठुलो सङ्कट भएर संसारभरि पृथ्वीको अन्त्यको त्रासदी फैलिएपछि पर्यावरणीय संचेतनाका महत्त्वपूर्ण चिन्तनहरू अघि सारिए । पर्यावरण संरक्षणको एउटा सक्रिय शाखाका रूपमा साहित्यिक विमर्शमा यसले स्थान पायो । *एसोसिएसन फर दि स्टडी अफ लिटरेचर एन्ड इन्भाइरोमेन्ट* (सन् १९९२) को स्थापना भएपछि 'इन्टरडिसिप्लिनरी स्टडिज इन लिटरेचर एन्ड इन्भाइरोमेन्ट' नामक पत्रिकाको प्रकाशन आरम्भ भयो । सेरिल ग्लोटफेल्टी तथा ह्यारोल्ड फ्रोमको सम्पादनमा *दि इकोक्रिटिसिजम् रिडर : ल्यान्डमार्कस् इन लिटररी इकोलोजी* (सन् १९९६) नामक पुस्तक प्रकाशन भएपछि भने पर्यावरणीय समालोचनाले सैद्धान्तिक र प्रायोगिक आधार प्राप्त गरेको हो (थपलिया, २०७५, पृ.३६) । हाल आएर यस समालोचनाका विभिन्न पद्दति र शाखाहरू विकसित भएका छन् । पर्यावरणीय समालोचकहरू यस विधाको विकास, अध्ययनको प्रभावकारिता र पर्यावरणीय साहित्यको प्रवर्द्धनका लागि विभिन्न परम्परावादी, उत्तरसंरचनावादी तथा उत्तरऔपनिवेशिक दृष्टिकोणहरू समेत प्रयोगमा ल्याइरहेका छन् (अब्राहम्स, सन् २००५, पृ. ७२) ।

मार्क्सवादीहरूले पर्यावरण विनाशको मूल कारकका रूपमा भूमण्डलीकृत साम्राज्यवाद र बजारीकरणलाई मानेका छन् र यसबाट मार्क्सवादी पर्यावरणीय समालोचना सिद्धान्तको विकास भएको छ । पर्यावरणीय समालोचनाको अर्को महत्त्वपूर्ण शाखा गहन पर्यावरण (डिप इकोलोजी) हो । यसले पृथ्वीलाई सर्वस्व मान्दै पृथ्वीका मानवीय र गैरमानवीय पक्षको रक्षाका लागि सिर्जनात्मक अभियानलाई सशक्त पार्नुपर्ने धारणा विकास गरेको छ । यस सिद्धान्तले इच्छाको तुष्टि भन्दा पनि आवश्यकताहरूको पूर्ति गर्ने अनुमति दिएको छ (नेइस, सन् १९९५, पृ. २५९) । पर्यावरणीय नारीवादका रूपमा विकसित पर्यावरणीय समालोचनाको अर्को शाखाले पर्यावरण र महिलाका बिचको

सम्बन्धको खोजी गर्दछ । प्रकृतिको गतिशील स्वभावसँग नारीका स्वभावलाई तुलना गर्दै पर्यावरणीय नारीवादी अध्येताहरूले प्रकृतिसँग बढी नजिक भएकाले नारीहरू आन्तरिक रूपमा पुरुषभन्दा शक्तिशाली हुने तर्क गर्दै सामाजिक सांस्कृतिक दायित्वको बोझ थपिदिएर पितृसत्तात्मक सामाजिक पारिवारिक संरचनाले नारीलाई कमजोर साबित गर्ने अप्राकृतिक प्रयास भइरहेको बताएका छन् (उप्रेती, २०६८, पृ. ३१६) । संरचनावादी पर्यावरणीय धारा पाठको पर्यावरणीय विश्लेषणमा केन्द्रित छ भने सामाजिक धाराचाहिँ समाज र पर्यावरणको सम्बन्धको खोजीमा केन्द्रित छ । पर्यावरणीय न्यायले विषादीयुक्त सङ्क्रमणलाई सिभिल राइट्ससँग जोड्दै प्रभावित पक्षका कुरा सुन्ने, तिनलाई क्षतिपूर्ति दिने, पीडित समुदायको भविष्यका विषयमा छलफल चलाई सम्बन्धित समुदायलाई जानकारी दिने र चेतनशील बनाउनेजस्ता पक्षमाथि सामाजिक सहभागिताको अपेक्षा गर्दछ (ह्यानिगन, सन् २००६, पृ.४७) । पश्चिममा स्वच्छन्दतावादी परम्परा र त्यसको पर्यावरणीय विश्लेषणका सन्दर्भमा स्वच्छन्दतावादी पर्यावरण (रोमान्टिक इकोलोजी) पनि शक्तिशाली रहेको छ । पर्यावरणको यस धारालाई ग्राम्यता (प्यास्टोरल) पनि भन्ने गरेको पाइन्छ (अब्राहम्स, सन् २००५, पृ. ७१) । स्वच्छन्दतावादी काव्य र कविताको विश्लेषणको आधार पनि यही धारा रहेको छ । यसरी साहित्यमा प्रस्तुत भएका धारा र प्रवृत्तिका आधारमा पर्यावरणीय समालोचनाको विकास भएसँगै मानव र प्रकृति तथा मानव र पर्यावरणको सम्बन्धको अध्ययन गरी पर्यावरणीय साहित्यमार्फत बौद्धिक विमर्शको निर्माण गर्नु यस समालोचनाको मुख्य लक्ष्य हो ।

पर्यावरणले प्रकृति, वातावरण र यसभित्रका जैविक विविधतालाई बुझाउँछ । सेरिल ग्लोटफेल्टी (सन् १९९६) का अनुसार पारिस्थितिक पद्दतिअन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टिगत रूप नै पर्यावरण हो (पृ. हष्ह) । पर्यावरण र साहित्यको अन्तर्विकास, प्रभाव र सामाजिक भूमिका र अवस्थाका सम्बन्धमा गरिने विशिष्ट अध्ययन चाहिँ पर्यावरणीय समालोचना हो । पारिस्थितिक पद्दति अन्तर्गतको जैविक समग्रताले साहित्यमा स्थान लिएकै हुन्छ । साहित्य समालोचना विषय केन्द्रका आधारमा दुई भागमा विभाजित देखिन्छ– मानवकेन्द्री र जीवकेन्द्री । प्रकृतिकेन्द्री अध्ययनको महत्त्वलाई उजागर गर्ने क्षेत्र पर्यावरणीय समालोचना अन्तर्गत पर्दछ । अतः बिसौं शताब्दीको मध्यतिर विश्वयुद्ध र कथित विकासका अव्यवस्थित नीति निर्माण, कार्यान्वयन तथा अनियन्त्रित उत्पादन-उपभोक्ताको तडकभडकले प्रकृतिको दोहन र वातावरणमा ल्याएको सङ्कटको साहित्यिक प्रतिबिम्बनसँगै समाधानका निम्ति गरिएका प्रयासस्वरूप आएको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, सन् २००६, पृ. ५३१) । यसमा प्रकृतिको केन्द्रीयताको विश्लेषण गरिन्छ । विज्ञानको विषय मानिएको पर्यावरण विज्ञानकै उन्नतियता विनाश हुँदै गएपछि सन् १९९० को दशकबाट विज्ञान र साहित्यको संरक्षणमुखी सहकार्यमा विस्तार भइरहेको छ ।

पर्यावरणीय सङ्कट प्राणी र वनस्पतिको वासस्थानमा आएको सङ्कट हो । प्रकृतिको असन्तुलित उपभोग र यस असन्तुलनले निम्त्याएको विनाशकारी परिस्थितिले दिनदिनै पृथ्वीको पर्यावरण क्षतविक्षत हुँदै गएको छ । मानवीय क्रियाकलाप व्यक्तिगत/सामूहिक मनोविज्ञानसँग जोडिएको विषय भएकाले प्रकृति विनाश र संरक्षणका विषयलाई प्रभावकारी साहित्यमार्फत उजागर गरिनुपर्ने आवश्यकताबोधसँगै पर्यावरणीय साहित्य र समालोचनाका रूपमा यो विस्तारित हुँदै गएको हो । विश्वसाहित्यमा १९औं शताब्दीको पूर्वाद्धमै विषादी छर्किएर विषाक्त पारिएको पर्यावरण र प्रथम विश्वयुद्धले दिएको विनाशका विरुद्ध आरम्भ भएको पर्यावरणबोधको काव्यिक चिन्तन नेपाली कवितामा २०४० को दशकबाट सुरु भई क्रमशः विस्तारित हुदै आएको छ । प्रकृति संरक्षणको विषय २०३६ सालअगि भने गौँण रूपमा लेखिएको पाइन्छ । यसको कारण नेपाल विकासको होडबाजीबाट उत्पन्न सहरीकरणको समस्यामा फसिसकेको थिएन । विश्वयुद्ध र परमाणु शक्तिको दुरुपयोगका कारण निम्तिएका वैश्विक सङ्क्रमणप्रति सचेत भएर केही कविताहरू फुटकर/आंशिक रूपमा रचिएका थिए । २०४६ सालयता विकसित राजनीतिक अस्थिरता, अनियन्त्रित बजारीकरण, नीति-नैतिकतामूल्यविहीन सहरीकरण, हरितगृह ग्याँसको उत्सर्जनले च्यातिएको ओजोन र कालापत्थर बन्दै गएको जीवनरसवाहिनी हिम शृङ्खलाहरूको स्थितिले नेपालका प्राकृतिक छटाहरूलाई चुनौती

दिइरहेको छ । यसले जैविक विविधतामा ह्रास ल्याइरहनुका साथै मौसमको प्रतिकूलताले खेतीबालीमा अनुत्पादनको स्थिति पैदा गरेको छ । अतः यी स्थानीय परिस्थितिका भोक्ता कवि लेखकहरूको ध्यान विश्वपरिवेशबाट स्थानीय प्रकृति र पर्यावरणको विषयतर्फ अधिकतर केन्द्रित हुँदै गएको छ भने विश्वमा चलिरहेका युद्ध र विनाशका विषयमा पनि केही रचनाहरू प्रकाशन भइरहेका छन् । सङ्ग्रहका रूपमा आएका र फुटकर रूपमा प्रकाशित कविताहरूको अध्ययन गर्दा २०५३ सालयता अन्य विधाको तुलनामा नेपाली कवितामा पर्यावरण संरक्षणको विषय केन्द्रीय कथ्यको रूपमा नै आएको पाइन्छ ।

**पर्यावरणीय सङ्कटको आरम्भ, सम्भाव्यता र चुनौतीका पृष्ठभूमिमा नेपाली कवितामा संरक्षण चेतनाको चित्रण**

नेपाल प्रकृतिको धनी देश हो । यहाँका नदीनाला, वनजङ्गल र जमिनको प्रकारगत स्वभावअनुसारको जैविक विविधताले गर्दा यो विश्वपरिवेशका सामु भूस्वर्गका रूपमा अवस्थित छ । भूराजनीतिक हिसाबले भने यस देशको सिमानामा भारततर्फका फराकिला र चिनतर्फका विकट पहाडी भूखण्ड रहेका छन् । भूपरिवेष्ठित मुलुक भएकाले पनि यस देशका प्राकृतिकतालाई जोगाउन विशेष खालको प्रबन्ध मिलाउनु आवश्यक थियो । विगतमा यसैलाई मध्यनजर गरी नेपालका सिमानामा वरिपरिबाट राष्ट्रिय निकुञ्जहरू बनाई त्यसको संरक्षणमार्फत प्रकृतिको संरक्षण गरिएको पाइन्छ । बाह्य प्रभावका कारण विभिन्न किसिमका प्रदूषणमा परी नेपालको वातावरणीय स्वच्छता नाजुक बन्दै गएको त छँदैछ, देशभित्र विशिष्ट किसिमले संरक्षित प्राकृतिक परिवेशलाई सशस्त्र द्वन्द्व र प्रतिरोधका समयमा ठुलो क्षति पुग्न गयो । विस्तृत शान्ति सम्झौतामा प्रकृति संरक्षणमा खटिएका फौजको हतियार कन्टेनरमा नपठाउन सेनाले गरेको कसरत सदरभएसँगै नेपाली सेनाको आत्मबल बढ्न गई वनजङ्गल र जैविक विविधताको संरक्षण र अभिवृद्धिमा शतप्रतिशत परिणाम देखियो (कार्की, स्वर्गको सेवा, पृ.२४१-२४३) । निकुञ्जहरूसँग स्थानीयलाई सहभागी गराई संरक्षण चेतनाको निर्माण र प्रकृतिसँग आत्मीय सम्बन्ध स्थापना गर्ने सवालमा पनि नेपाली सेनाले महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । अर्कोतिर सफा हिमाल अभियान (बस्नेत, २०२५, पृ ३५९-३७२) मा, बाटो-सडक निर्माणमा, विभिन्न विपद व्यवस्थापनमा नेपाली सेनाले मानव संसाधनको प्रयोगलाई बढावा दिँदै संपन्न गरेका कार्यले नेपालको प्रकृतिलाई यान्त्रिक चोटको पीडाबाट धेरै हदसम्म मुक्त राखेको देखिन्छ । स्थानीय जनसमुदायलाई प्रकृतिको महत्त्व बुझाई यसबारे तन, मन र लगनले समर्पित रहने जनशक्ति तयार पार्न नेपाली सेनाले चितवनको कसारामा 'प्रकृति संरक्षण तालिम स्कुल' (२०७१, असार २८) स्थापना गरी संरक्षण चेतना जगाउन स्थानीयसँग सहकार्य गर्दै आएको छ (श्रेष्ठ, सन् २०२५, डिप्लोम्याट नेपाल डट कम) । व्यावहारिक रूपमा विभिन्न व्यक्ति र सङ्घ संस्थाले प्रकृति र वातावरणका पक्षमा गरेका कार्य र उठाउँदै आएका आवाजमार्फत अहिले पर्यावरणबोध र प्रकृति संरक्षणमा मानिसको चेतना विभिन्न प्रकारले विस्तार हुँदै आएको छ । यस अध्ययनमा पर्यावरणीय सङ्कटको स्थिति, कवि (मानिस) को बोध, स्वभाव र प्रवृत्तिका बिचको अन्तःसङ्घर्षमा नेपाली कवितामा प्रकट भएका विषय र भावहरूको विश्लेषण गरिएको छ

**प्रकृतिको केन्द्रीयता**

प्रकृतिको केन्द्रीयतामा कविता लेख्ने कविहरूले प्रकृतिको महत्त्व दुई प्रकारले व्यक्त गरेका छन्– एउटा बोध अर्थात् ज्ञान (नलेज) का तहमा अर्को व्यवहार (स्वभाव वा प्रवृत्ति) का तहमा । प्रकृति विभिन्न प्रकारका रहस्यमय वस्तु र भावको अविभाज्य निरन्तरता हो । प्राणी र वनस्पतिको जन्मिने, बाँच्ने, उभिने र मानिसका निम्ति त अझ चिन्तनद्वारा विचारको प्रतिपादन गर्ने जस्ता सबैखाले अस्तित्वको आधार नै प्रकृति भएकाले प्रकृतिको केन्द्रीयता नै जीवनको आधार पनि हो (थपलिया, २०७५, पृ.७३) । मानिसका निम्ति प्रकृति स्वयम् सिर्जनाको परिवेश त हुँदै हो, सिर्जनशीलताको वस्तुजगत् र भावजगत्को अगम स्रोत पनि हो । मानिस भनेर प्रमाणित गर्ने श्रद्धाभूमिमा मानिसले आफ्नो विवेक र सिप कति प्रतिशत खर्च गरिरहेको छ भन्ने प्रश्न आजको अहम् प्रश्न हो । अन्यथा यो प्रकृतिमा

मानिस र अन्य प्राणीको उत्तिकै अधिकार छ । प्रकृतिबोधका सन्दर्भमा कवि मनप्रसाद सुब्बाको *भुइँफुट्टा शब्दहरू* (२०७०) बाट 'पृथ्वी अनि म' शीर्षकको कविताबाट एउटा कवितांश यहाँ प्रस्तुत गरिएको छ :

पृथ्वीको निमित्त
पृथ्वीमै पलाएको
पृथ्वीको म
पृथ्वीको पृष्ठमा अक्षर हिँड्छु...
हिँड्छु पृथ्वीसँगसँगै रातका खाडलहरू नाघ्दै ।
(पृ.८-९)

प्रस्तुत कवितांशमा मानिसको 'स्व' प्रकृतिमा प्रकृतिकै निम्ति हो भन्ने प्रकृतिकेन्द्री भावलाई महत्त्वका साथ प्रकट गरिएको छ । यहाँ मानिसको जन्म पृथ्वीमा निहित पञ्चतत्त्वका कारण भएको र त्यो जन्मसिद्ध गर्ने कारण पनि यही पृथ्वी भएको व्यञ्जनार्थ प्रकट भएको छ । यहाँ प्रकृति साध्य र मानिस साधन मात्र भएको सत्यलाई काव्यिक शिल्पका साथ ध्वनित गरिएको छ । पृथ्वीको पृष्ठमा मानिस एक अक्षर हुनु वा हिंड्नुले प्रकृति साझा वासस्थान भएको भावलाई थोरै शब्दमा बिम्वात्मक मिठासबाट प्रस्तुत गरिएको छ । उनले 'पृथ्वीको निमित्त', 'पृथ्वीमै पलाएको' र 'पृथ्वीको म' पदावलीहरूमार्फत 'पृथ्वीबोध' गरेका छन् । प्रस्तुत कवितामा कवि सुब्बाले सादृश्य बिम्बमार्फत पृथ्वी र मानिसको सहसम्बन्ध अन्योन्याश्रित रहेको यथार्थलाई उजागर गरेका छन् । उनका पर्यावरणीय चिन्तनका अन्य कविताकृतिहरू आदिम बस्ती, ऋतु-क्यान्भासमा रेखाहरू, नेत्तिफुङको बास्ना र पञ्चतत्त्वको पालाममा प्रकृति र मानवीय चेतनाको गतिशील इतिवृत्त प्रस्तुत गरिएको छ (सुब्बा, सन् २०२१, पृ.१००) । सुब्बाको कवितामा प्रकृति र मानिसको सम्बन्धको अन्योन्याश्रितता बोध गराइएको छ ।

प्रकृतिको केन्द्रीयतामा कविता लेख्ने पर्यावरणविज्ञ प्रा.डा.गोपी उप्रेती प्रकृति संरक्षणप्रति सचेत र उत्तरदायी कवि हुन् । उनको प्रकृत्या सह जीवनम् (२०८१) शीर्षकको कृतिमा प्रकृति नै सम्पूर्ण प्राणीको आधार हो भन्ने चिन्तन प्रस्तुत भएका छन् । यस्तो चिन्तन प्रकट गरिनुको कारण चाहिँ समकालीन विश्वभर विनाश हुँदै गएको प्रकृति र पर्यावरण जोगाउने अभिप्रेरणा जगाउनकै निम्ति रहेको छ । उनको 'मानव दम्भ : प्रकृति विनाश' शीर्षक कविताबाट एउटा सारस्वरूप कवितांश यहाँ प्रस्तुत गरिएको छ :

त्यसैले म भन्छु आऊ, हामी एउटा दृढ सङ्कल्प गरौँ
जल, जमिन, जीव, जङ्गल र जैविक विविधता बचाऔँ
मिली सबै प्रकृतिको यो, अनुपम प्रणाली जोगाऔँ
प्रकृति सह-जीवनमा नै मानव अस्तित्वको सारतत्त्व खोजौँ
(पृ.५७)

प्रस्तुत कवितांशमा पर्यावरण संरक्षण चेतना प्रकट भएको छ । दृढ सङ्कल्पविना यो संभव छैन । वर्तमान विश्वपरिवेश जुन किसिमले विकसित भइरहेको छ, यो हिंसात्मक क्रियाकलाप र शक्ति प्रदर्शनको खेलतिर उन्मुख भएकाले मानव सभ्यताको सबैभन्दा ह्रासोन्मुख पथमा हाम्रो अधोगति लागेको छ । कवि उप्रेती पूर्वीय जीवनदर्शनका अनुयायी कवि भएकाले पनि उनका कवितामा प्रकृतिलाई आध्यात्मिक शान्ति र सहअस्तित्वको अजस्र स्रोतका रूपमा उपासना गरिएको पाइन्छ । उनमा प्रकृतिप्रतिको भावगङ्गा ओतप्रोत रहेको छ तर कवित्व सामर्थ्यका हिसाबले यी कविताहरू अभिधा शक्तिबाट प्रस्तुत गरिएका छन् । सरल भाषामा संरचित यी कविताले मानिसको अहम्लाई शमन गरिनुपर्ने र त्यसको निम्ति प्रकृतिपरक जीवनशैली नै प्रमुख उपाय हुने भाव अभिव्यञ्जित भएको छ । उनको कविता दर्शन 'म' बाट हामीतिर उन्मुख छ । दर्शन र पर्यावरणको सम्बन्ध जीवन र अक्सिजनको जस्तै अन्योन्याश्रित रहेको हुन्छ । दर्शनको उत्पत्ति मनुष्य सापेक्ष छ भने मनुष्य प्रकृति पर्यावरण सापेक्ष रहेको छ (पाण्डेय, सन् २०११, पृ.१) ।

त्यसैले हामी दृढ सङ्कल्पी भयौँ भने मात्र प्रकृति विनाश रोक्न सक्नेछौँ भन्ने सामूहिक शक्तिको उनलाई ज्ञान छ। प्रकृतिका जल, जमिन, जीव, जङ्गल र जैविक विविधताका विषयमा संवेदनशील बन्नका निम्ति अनुरोध गरिरहँदा उनले भाषिक चयनमा पनि वर्णानुप्रासको कुशलतालाई स्पर्श गरेका छन्। प्रकृतितिर फर्किनु मानिसले आफ्नो जरा नबिर्सनु हो, 'ज' वर्णप्रति कविको सद्भाव देखिन्छ। सम्पूर्ण जीव मण्डल प्रकृतिको चक्रमा सिर्जित, पोषित र समाहित रहेका छन्। प्रकृतिको सापेक्षतामा नै मानिसको अर्थ छ भन्ने बोध भएका कविले प्रकृतिको जीवनदायी प्रणालीलाई अनुपम प्रणाली भन्दै यसलाई संरक्षण गर्ने सन्देश सम्प्रेषण गर्नकै लागि उनले कलम उठाएको मान्न सकिन्छ किनकि यसअघि उनले कविता रचना र प्रकाशन गरेको देखिँदैन। आजको मानिसले बिर्सँदै गएको प्राकृतिक जीवनपद्दतिलाई दुरुस्तै परिपालन गर्ने वातावरण बनाउन नसकिए पनि प्रकृतिभित्रको सहभाव र सहकार्यसम्बन्धी गूढ कुरा बुझेर आफू हुनुमा प्रकृतिको केन्द्रीय महत्त्व रहेकाप्रति सचेत रही प्रकृतिप्रति कृतज्ञ रहन उनका यस सङ्ग्रहका सबै कविताले आह्वान गरेका छन्।

### पारिस्थितिक प्रणाली

प्रकृतिका जीवहरूको सापेक्ष जीवन प्रक्रियागत चक्र नै पारिस्थितिक प्रणाली हो। पृथ्वीमा रहेका सबै जीव र पदार्थहरूको तात्त्विक सहकार्यमा नै पारिस्थितिकी निरन्तर चलिरहन्छ। यसले नै प्रकृतिलाई अविनाशी बनाएको छ। वातावरणलाई प्रभाव पार्ने र वातावरणबाट प्रभावित हुने जैविक तत्त्वहरू प्रकृति कै उपज हुन्। अचल बोटबिरुवा र गतिशील जीव गरी यी तत्त्व दुई प्रकारका छन्। यी जैविक तत्त्वहरू बिचमा सन्तान उत्पादन, पालनपोषण तथा वासस्थानका लागि अन्तरनिर्भरता कायम रहन्छ र ठाउँ विशेषले पारिस्थितिक प्रणालीमा प्रभाव समेत पार्दछ। स्थानविशेषमा पारिस्थितिकी अनुकूलन हुँदै जान्छ (थपलिया, २०७५, पृ.७६)। अतः प्रकृतिका जैविक र अजैविक सबै पदार्थहरूबिच निरन्तर चलिरहने आपसी अन्तरक्रियात्मक गतिशीलता नै पारिस्थितिक प्रणाली हो। यस प्रक्रिया अन्तर्गत प्रकृतिका ऊर्जाशील आफ्नै स्वकीय नियम छन्। जबदेखि प्रकृतिको असीमित दोहन र विनाशको स्थिति बढ्दै जान थाल्यो, मानिसलाई पारिस्थितिकी बारे बुझाएर प्रकृतिका सम्पूर्ण जीव जीवाणु, वनस्पति र पदार्थ जगत्को रक्षा गर्नु किन आवश्यक छ भन्ने ज्ञान दिएर पर्यावरण संरक्षणतिर स्वतःस्फुर्त रूपले सहभागी बनाउनका निम्ति कवितामा यस कथ्यको प्रयोग गर्न थालिएको हो। यस विषयमा समकालीन कविहरूले प्रशस्त चिन्तन गरेका छन्। यहाँ कवि कृष्ण बाउसेको *पर्याप्रेमको गुञ्जन* (२०८०) सङ्ग्रहबाट 'हरियाली संसारको पुनःनिर्माण' शीर्षकको कविता पर्याबोधका कवितांशका दृष्टान्तस्वरूप प्रस्तुत गरिएको छ :

> उनको शिरमाथि बसेर
> अमृत रच्दै छन् माहुरीहरू।
> उनका काँधहरूमा नाचेर
> प्रेमालाप गर्दै छन् चराचुरुङ्गीहरू।...
> पान्डादेखि गैँडासम्मका साझा चौतारी बनेका छन्
> वनका छहारी...लुकामारी खेल्दै छन् पशुपक्षी-
> सुधा हुन् या हिंस्रक।...
> हिमवर्षाको कोमल स्पर्श पाएर
> झन् उँचो भएको छ हिमालको कद...
> घामको आलिङ्गनले
> रातापिरा भएका छन् बैँसालु फलहरू।
> (पृ. १७१-१७२)

प्रस्तुत कवितांशले प्रकृतिको पूर्णतालाई अपरिमेय स्थान दिएको छ। पारिस्थितिक प्रणाली अर्थात् इको-सिस्टम प्रकृति र प्राणीको सम्बन्धको विशिष्ट चक्र हो, जसबाट कोही पनि छुट्टिएर अस्तित्वमा रहन सक्दैन। मानिस स्वअस्तित्वको वकालत गर्ला तर उसको अहम् केही घण्टामै चुर हुनेछ, जबसम्म उसले अन्न र जल सेवनको भोक र तिर्खा अनुभव गरिसक्नेछ र प्रकृतितिर फर्किन विवश बन्नेछ। वर्तमानमा कथित सभ्यताको पर्खाल उठाएर कङ्क्रिटको जङ्गल बनाउने मानिसले प्रकृतिमा अक्सिजन दिने बिरुवाको विनाश गर्न तम्सिरहेछ। हरेक आन्दोलन र प्रतिरोधका समयमा प्रकृति विनाशका घटनाहरू दोहोरिरहन्छन् र काटिन्छन् मानवीय सभ्यताको पवित्र तपोभूमि निर्माण गर्ने रुखहरू र मानिसको यस्तो प्रकृतिविरोधी क्रियाकलाप पारिस्थितिकीय चक्रमा अतिसय असन्तुलन भित्र्याउने कारण बन्छ। उल्लिखित कवितामा बाउसेले रुखको सेवादायी जीवनदृश्यबाट मानव समाजको अनुगमन गरेका छन्। बोट बिरुवाले फूल फुलाएर त्यसमा भर्ने अमृत रस तिनले आफ्ना लागि बनाउँदैनन्, त्यो अरूका लागि सञ्चित गरिन्छ। त्यही सञ्चयनलाई प्रकृतिमा कर्मशील भनेर चिनिने माहुरीले घार बनाएर त्यसमा जम्मा गर्छन्। मह बनाउने यो प्रक्रिया त्यति सहज छैन न त माहुरीलाई घार तयार गर्ने प्रक्रिया नै सहज छ। सहज त बरु मानिसलाई छ। यसले मौरीको घारबाट मैनबत्ती बनाउँछ र महरूपी अमृत घारबाट काढेर लिन्छ। फूलमा रस भर्न विरुवाका जराले जमिनबाट पानी सोस्ने र पातबाट घाम सोस्ने क्रम प्रकृतिको अविभाज्य निरन्तरताभित्र पर्छ। घाम र पानीको संसर्गमा सङ्गठित हुने यस जीवन प्रक्रियाभन्दा फरक भएर मानिस पनि बाँच्न सक्दैन। चतुर भएकाले बरु मानिसले प्रकृतिको प्रचुर उपयोग गर्न सिकेको छ। उसले यस अवसरबाट पशुप्राणीलाई पनि सेवा दिन्छ भने त्यो प्रकृतिलाई त्यो भावनात्मक रूपले स्वीकार्य छ पनि। पारिस्थितिक पद्दति मूलतः वनस्पति, जीव र अनेकौँ जीवात्माहरूबिचको सम्बन्धगत अन्वय हो (होर्थ, सन् १९९६, पृ. ७२)। अधिकांशतः मानिसका खराब सोच र स्वार्थी कर्मले पानी र अक्सिजनविहीन हुँदै गएको पृथ्वी अन्य प्राणी र स्वयम् मानिसकै निम्ति पनि बस्न लायक बाँकी नरहन सक्छ। आज अत्यधिक विषादीको प्रयोगका कारण जीवाणुहरू मारिएका छन्। उत्पादनका नाममा विनाश निम्त्याउने विषादीको प्रयोग र विष्फोटन समेतले पर्यावरणमा अनेक क्षति बढ्दै गएको छ। यस विषयमा कवि रमेश श्रेष्ठको 'आगो ओढ्ने आकाश' शीर्षकको विनाशको परिणामबोधको कविता *संरक्षण कविता यात्रा* (२०५३) बाट प्रस्तुत गरिएको छ :

> डढेलो नलागे पनि
> आगो ओड्छ आजभोलि आकाशले
> दुब्लाउँदै दुब्लाउँदै जान्छ हिमालका आकारहरू
> जब चट्टानका ऐनाहरूमा अनुहार पस्कन्छ
> दुब्लो धमिलो पाउँछ आफ्नै प्रतिबिम्बलाई
> र आहत आहत मुद्रामा आकाश पिउँदै
> अनन्त दीर्घ जीवनको भिक्षाम् देहि गाउँछ...(पृ.६५)

प्रकृतिको मानवीकरण गरिएको उल्लिखित कवितांशमा विज्ञानका आविष्कारहरूको प्रयोगशाला बनेको आकाशको अवस्थामाथि संरक्षणको आवश्यकताबोधसहितको चिन्तन गरिएको छ। आकाशले जुन बिडम्बना भोग्नु परेको छ, त्यो धर्तीमा बसोबास गर्ने मानिसको षडयन्त्रको परिणाम हो। धर्तीमा आकाशले सिँचेका प्रकृतिका उर्वरायुक्त छटा मात्र छैनन्, आकाशको शीतल जल पिएर आकाशलाई आगो बनाउने अविवेकी मानिस पनि छन्। नेपालमा विभिन्न उचाइमा रहेका जैविक विविधतालाई वायुमण्डलीय उष्णताले जोखिममा पारेको छ (काप्री, सन् २०२५, पृ.२६५)। यही अवस्था प्रस्तुत कवितामा पनि चित्रित छ। पर्यावरणीय चक्रलाई अस्वस्थ बनाई प्राणको भिक्षा नपाउने स्थितिमा पुऱ्याउनेका कुरुप गायनको बहानालाई कवितामा प्रस्तुत गरिएको छ। आकाशले आगो ओढ्नु, हिमाल दुब्लाउँदै जानु, चट्टानका ऐनामा अनुहार पस्कनु, चट्टानले आकाश पिउनु, दीर्घ जीवनको भिक्षा माग्नु,

मन्त्र गाउनु, आकाशले चट्टान मात्र बाँकी रहेको हिमाललाई भेट्न नचाहनु जस्ता बिम्बहरूको प्रयोगले यस कवितामा प्रकृतिका दुःखहरूलाई मानवीय अनुभूतिसँग साक्षात्कार गराएका छन् । यस्ता ध्वंसात्मक परिवेश सिर्जना गर्ने वर्तमान समयका प्रतिगामी मानवहरूका कारण प्रकृति पर्यावरणमा सङ्कट आएको भाव व्यक्त गरी प्रस्तुत कवितामा कवि श्रेष्ठले धर्ती र आकाशबिचको शीतलता जोगाउन परोक्ष रूपमा आह्वान गरेका छन् ।

यसरी नै कविहरू मित्रलाल पंज्ञानी, राजेन्द्र भण्डारी, श्रवण मुकारुङ, राजा पुनियानी, ललिजन रावल, सरुभक्त, हेमचन्द्र नेपाल, भीष्म उप्रेती भूपिन, सरिता तिवारी लगायतका फुटकर कवितामा प्रकृतिकेन्द्री चिन्तन कतै पर्यावरणबोध, कतै सङ्कट त कतै संरक्षण चेतनासहित रचना गरिएका पाइन्छन् ।

**प्रकृति र मानिसको सम्बन्ध**

प्रकृति र मानिसको सम्बन्ध जैविक त छ नै, सांस्कृतिक रूपले अझ अविभाज्य रहेको छ । पर्यावरणवादले धरतीलाई यन्त्र मान्दैन, जीवित प्राणीजस्तै सावयव मान्दछ । जसरी एउटा मान्छेको व्यवहार अर्का मान्छेप्रति प्रेम, सहानुभूति एवम् समझदारीमा आधारित हुनुपर्छ, त्यसैगरी प्रकृतिप्रति मान्छेको सम्बन्ध युद्धमा विजेता र विजीतको जस्तो नभएर प्रेम र मैत्रीको हुनुपर्छ (गौतम, सन् २००७, पृ.२०८) । मानिस बाह्य र आन्तरिक रूपले प्रकृतिअनुसार रङ, आकार र आयाम ग्रहण गरेर हुर्किन्छ । प्रकृतिले जन्म र हुर्काइका क्रममा दिने यो प्रभाव जस्तै मानिसले पनि आफू सक्षम भएपछि प्रकृतिलाई सुन्दर र भरिलो बनाइराख्न सक्छ । मानिसको सद्भावका कारण प्रकृतिको सदुपयोग भएको पनि छ। प्रकृति र विज्ञानको संयोजनमा जब मानिसले आधुनिक विश्वको परिकल्पनाभन्दा माथिको आविष्कार र निर्माणमा उपलब्धि हासिल गऱ्यो, त्यसपछि मानिस प्रकृतिजस्तो धीर र शान्त हुनै सकेन । यसपछि प्रकृतिसँग मानिसको सम्बन्ध द्वन्द्वात्मक हुँदै गयो । महत्त्वाकाङ्क्षाको रतन्धोले मानिसलाई पवित्र सपनाको पथबाट कुत्सित मार्गमा पुऱ्यायो । मानिसको सम्बन्ध धमिलिएसँगै प्रकृति पनि कुरूप हुँदै गयो । आजका कविताले प्रकृति पर्यावरणको विनाशमा उद्धत मानिसलाई व्यावहारिक रूपले संरक्षणमा जागृत गर्न अभिप्रेरित गरिरहेको छ । यस सन्दर्भमा कवि ऋषि बस्ताकोटीको कविता सङ्ग्रह *पानीको रङ* (२०८१) बाट एउटा कवितांश यहाँ प्रस्तुत गरिएको छ :

कतै कालो, कतै रातो, कतै खैरो, कतै घुर्मैलो बग्छ
हाम्रो खोलाको पानी
पहिलेजस्तो सङ्लो पटक्कै छैन...
मान्छेको मन मैलिएसँगै
अचेल पानीको रङ बदलिएको छ...
बरु मान्छेजस्तै भएको छ
मान्छेको मनजस्तै प्रदूषित भएको छ
मान्छेको विचारजस्तै कलुषित भएको छ ।
(पृ.७५)

कवि बस्ताकोटीले प्रकृतिबोधको सूक्ष्म कविता सिर्जना गरेका छन् । उनले 'पानीको रङ'मा आजका मानिसको प्रतिबिम्ब उदाङ्गो पारेका छन् । त्यो पानी जहाँ प्रकृतिको सम्पूर्ण सौन्दर्य तरङ्गित भइरहन्थ्यो, आज आएर मान्छेको मनजस्तै प्रदूषित र मान्छेको विचारजस्तै कलुषित भएको संज्ञान कविले प्रकट गरेका छन् । पानीमा मानिसको अहम्का अनेक रङ मिसिएको र मान्छेको मन मैलिएसँगै अचेल पानीको रङ बदलिएको छ भन्ने निष्कर्षसहित मान्छे फेरि पानीजस्तै होओस् भन्ने कामना यस कवितामार्फत सम्प्रेषण गरिएको छ (त्रिपाठी, २०८१, पृ.ट) । कविले मित्रवत् हुन नसकेको मानिसको व्यवहारलाई पर्यावरणप्रति मैत्रीपूर्ण भाषामा प्रतिबिम्बित गरेका छन् ।

कवितामा प्रयुक्त रङहरूको प्रतीकात्मक अर्थमा आजको विश्वको छवि प्रकट भएको छ । कविको आशय प्रकृतिको स्वच्छन्दतामाथि लादिएका यस्ता अनेक रङका कृत्रिम घेराहरू मानिसलाई प्रकृतिबाट अलग गर्ने प्रयत्न हुन् भन्ने देखिन्छ । उनले यसै सङ्ग्रहको आफ्नो अर्को कविता 'खोलासँग'मा पानीको पवित्रता र उन्मुक्त आदिमताप्रति सद्भाव राख्दै आफ्ना विचारलाई कसरी शुद्ध पार्ने भन्ने सदिच्छा व्यक्त गरेका छन् ।

उनको पानीको रङ, खोलासित, पहिरो, यसपालिको वसन्तमा, एक्ले बर कविताले पर्यावरण संरक्षणका पक्षमा ग्रामीण नदी संस्कृति र सादगीपूर्ण भाव प्रस्तुत गरेका छन् ।

त्यस्तै, 'अब मान्छे मर्नै पर्छ कि कसो !' सुमन पोखरेलको कवितालाई पर्यावरण संरक्षणप्रतिको सचेतना र प्रतिरोधी दृष्टिकोण अभिव्यक्त गर्ने काव्यकृतिका रूपमा ग्रहण गर्न सकिन्छ । यस कविताले बाह्य रूपमा एउटा साधारण कोठा र त्यहाँका कुर्सी, टेबल, दराज, भित्ताजस्ता वस्तुहरूको संसार देखाउँछ तर गहनरूपमा यो कविता मानव र वस्तुबिचको सम्बन्ध,  प्रकृति विनाश र अस्तित्वको पुनर्विचारसम्बन्धी एउटा गम्भीर विमर्श हो । शून्य मुटुको धड्कनभित्र (२०५६) भित्रको यस कविताको एउटा अंश यस्तो रहको छ :

यी कुर्सीहरू मेरो कोठाका
एकाएक बोल्न खोजेझैँ यो मध्यरातमा
जसरी ज्यूँदा हुँदा यी दराज र टेबुलहरू सल्लाका
सुसाउने गर्दथे
त्यतिखेर...
नयाँ कुर्सी बनाउने सल्लाहरू ढालिने छन्...
अरू कुर्सी बनाउने सल्लाहरू त उम्रनै पाएका हुँदैनन् ।...
पात्रहरूलाई मैले सुकुलमा बसाउनु पर्ने छ...
सुकुल बनाउने पराल, छ्वाली र नरूवाहरू
नखाई मान्छे बाँच्न सकिरहन्थ्यो भने !
(पृ.१४४-१४७)

प्रस्तुत कवितामा वस्तु, प्रकृति र मानवीय भावनाको अन्तःसम्बन्ध देखाइएको छ । यसले पर्या-कविताका साथै परा-मानववादका सन्दर्भमा समेत महत्त्वपूर्ण स्थान लिएको छ । कविको भावनाबाट निर्जीव कुर्सी, टेबल र भित्ताहरूसमेत प्रभावित हुनु "काव्यिक कल्पनाशीलतामा गैह्रमानव सहभागी"को एउटा दृष्टान्त हो (बेट, सन् २०००, पृ.१९९) । वस्तुहरूमा जीवनको झल्को देखाउने दृष्टि टिमोटी मोर्टनको जालसञ्जाल (मेश) सिद्धान्तसँग समान देखिन्छ । उनका अनुसार सबै जैविक र अजैविक वस्तुहरू एक आपसमा गाँसिएका छन् (मोर्टन, सन् २०१०, पृ.२८-३१) । यस कवितामा कविको कोठा नै एउटा सानो पारिस्थितिकालय बनेको छ, जहाँ मानवीय रिक्तता वस्तुगत मौनतामा प्रतिध्वनित भएको छ । जब कवि वस्तुहरूलाई बोल्न दिन्छन्, त्यहाँ निर्जीव वस्तुहरू पनि प्रभावको स्रोत हुन्छन् (बेनेट, सन् २०१०, पृ.१-२०) । अतः कवितामा प्रकट भएको मौनता केवल शून्यता नभएर वस्तुको भाषिक उपस्थिति हो । वस्तुलाई सुन्ने नैतिकताको काव्यिक संयोजनमार्फत मानवले अब प्रकृतिको आवाज सुन्नुपर्ने सन्देश दिइएको छ । डोना जे. हारावेको सङ्कटसँगको सहवास (स्टेइङ विद द ट्रवल) अवधारणा (हारावे, सन् २०१६, पृ.५८-९८) जस्तै भाग्ने होइन, सङ्कटसँगै बाँच्ने र संरक्षणका निम्ति जगत्लाई जागरुक पार्ने जिम्मेवारी लिनुपर्ने अभिभारातर्फ पनि कविताले सङ्केत गरेको छ । कविताको अन्त्यमा मानवीय क्रियाकलापप्रति संशय व्यक्त गर्दै कविले मानव अस्तित्वको अनिश्चितता र पारिस्थितिक निर्भरता देखाएका छन् । अतः 'अब मान्छे मर्नै पर्छ कि कसो' कविता पर्यावरणीय र परा-मानववादको सन्दर्भमा सामान्यजस्तो देखिने गहनार्थी संरचना हो । पोखरेलको यस कविताले मानव र वस्तुबिचको परम्परागत विभाजन तोडेको छ । कवि कुर्सीहरूलाई पात्र बनाउँछन् । यस

अंशले रोसी ब्रैडोट्टीले प्रस्तुत गरेको परा-मानव विषयगतता (पोस्ट ह्युम्यान सब्जेक्टिभिटी) को अवधारणा स्मरण गराउँछ, जसअनुसार मानव अस्तित्व गैरमानव शक्तिहरू र सञ्जालहरूसँग निरन्तर अन्तःसम्बन्धमा रहन्छन् (ब्रैडोट्टी, सन् २०१३, पृ. ५६-५९) । कवितामा प्रस्तुत कोठा मानव सभ्यताको प्रतीक हो भने वस्तुहरू मानवका मौन साथी भएर पनि उसकै विनाशका साक्षी बसेका छन् । ती केवल प्रतीक मात्र पनि होइनन्, ती रुख अर्थात् प्रकृतिका सम्झना पनि हुन्, जहाँ पदार्थ स्वयम्ले कथा बोकेको हुन्छ (लोभिनो र अपरम्यान, सन् २०१४, पृ.२) । प्रस्तुत कवितामा अभिव्यञ्जित भाव कुनै निराशापूर्ण घोषणा होइन, बरु मानवकेन्द्री अहम्को अन्त्य आवश्यक छ भन्ने नैतिक आह्वान हो, जसबाट प्रकृति र मानिसको सम्बन्धमा सामाजिक सद्भाव सुदृढ होस्, साथै पर्यावरणमा पुनः सन्तुलन कायम होओस् भन्ने विशिष्ट भाव प्रतिबिम्बित छ ।

## निष्कर्ष

पर्यावरणबोध र संरक्षणमुखी चिन्तन नै पर्यावरणीय कविताको मुख्य विषय रहेको छ । नेपाली कवितामा चालिसको दशकबाट आरम्भ भएको पर्यावरणीय चिन्तन "प्रकृति जोगाऔँ"को अवधारणासहित नेपाली सेनाको प्रकृतिप्रतिको समर्पण भावसँगै विस्तार भएको देखिन्छ । चालिसको दशकमा मूलतः काठमाडौंको बढ्दो सहरीकरण र नदी-पोखरीको प्रदूषित स्थितिको विरोधमा कविता सिर्जना भएका थिए भने पचासको दशकमा *संरक्षण कविता यात्रा* (२०५३) बाट स्थानीय परिवेशको अनुगमन गरी तद्स्थानिक परिस्थितिजन्य कविता रचनाको अभियान आरम्भ गरिएको थियो । ती कविताहरूले वनजङ्गल विनाश, वन्यजन्तुको सिकार, वायु र ध्वनि प्रदूषणका साथै हिमाल पग्लिदै गएको विषयप्रति चिन्ता प्रकट गरी संरक्षणमुखी भाव उजागर गरेका छन् । अन्य फुटकर कविताहरूमा नेपालको अस्थिर राजनीतिक अवस्था र शक्ति राष्ट्रका हस्तक्षेपकारी नीतिका कारण प्रकृति र आमजनता दुवै उत्पीडनमा परेको निराशाजनक अभिव्यक्तिहरू प्रकट भएका छन् । साठीको दशकमा आएर युद्ध र द्वन्द्वका आन्तरिक र बाह्य परिस्थितिबाट पर्यावरणलाई जोगाउनुपर्ने चिन्तन प्रवाहित भएको पाइन्छ । सत्तरीको आरम्भमा भूकम्प र कोभिडको महामारीको सामना गर्ने सिलसिलामा प्रकृतिका पक्षमा कविता सिर्जना गरिए । एकातिर देश द्वन्द्वमा परेका बेला प्रकृतिको हरियाली विनाश हुँदै गएको, स्थानीय गुणात्मक विकास योजनाहरू कार्यान्वयन हुन नसकेका तर आन्तरिक राजनीतिक समस्या र भूमण्डलीकरणको चपेटाबाट देशको स्थानीय प्रकृति र संस्कृतिसमेत सखाप हुँदै गएका ह्रासोन्मुख संस्कृतिका मार्मिक र विद्रोही अभिव्यक्तिहरू कवितामा प्रकट भएका छन् भने अर्कातिर प्रकृति संरक्षणको गहिरो अनुभूति र दर्शनका कविताहरू आएका छन् । यी कविताले सम्बोधन गरेका विषयहरूमा प्रकृतिको केन्द्रीयता, पारिस्थितिक प्रणाली, प्रकृति र मानिसको सम्बन्ध लगायतका प्रकृति र मानिसका सहअस्तित्व र सहभावका पक्षहरू रहेका छन् । यिनले मानवकेन्द्री जीवनपद्धतिबाट प्रेरित भएर गरिएका अमानवीय क्रियाकलापका प्रतिरोधमा प्रकृतिकेन्द्री अवधारणामा आधारित संरक्षण चेतनाको गहन सन्देश दिएका छन् । नेपाली सामाजिक परिवेश र संस्कृतिमा प्रकृतिलाई पूजा गर्ने परम्परा रहेकाले नेपाली प्रकृतिको विषयमा गम्भीरतापूर्वक सोच्ने व्यक्ति, समुदाय र संस्थाहरू समर्पण भावले काम गर्न प्रेरित हुँदाहुँदै पनि बदलिँदो परिवेश र यान्त्रिक जीवनपद्धतिका कारण प्रकृतिकेन्द्री स्वभावबाट मानव जगत् विपरीततिर लाग्नु आजको चुनौती भएको छ । अतः केही कविताले परा-मानव स्थितितर्फ सङ्केत गर्दै अबका कवितामा स्वार्थी मानिसको अस्तित्वलाई चुनौती दिएको छ । समग्रमा प्रस्तुत अध्ययनले पर्यावरणबोधमार्फत नेपाली प्रकृतिको संरक्षण र स्वस्थ जीवनको परिकल्पनालाई साकार पार्न नेपाली सेना कवि/लेखक र अनुसन्धातासँगको सहकार्यमा जुटिरहेको महत्त्वपूर्ण पक्ष तथ्यसहित पुष्टि भएको छ ।

## सन्दर्भ सामग्री

उप्रेती, जी. (२०८१). *प्रकृत्या सहजीवनम्.* समिता उप्रेती (रिजाल) ।

उप्रेती, एस. (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

कार्की, बि.के. (२०७८). *स्वर्गको सेवा.* सोल बुक्स ।

कार्की, बि.के. (२०७८). *जर्नेलदेखिङ्ग रेन्जरसम्म.* सोल बुक्स ।
गौतम, के. (सन् २००७). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन ।
त्रिपाठी, जी. (२०८१). *पानीको रङ* सङ्ग्रहका कवितामा भाव र शिल्प. *पानीको रङ* (भूमिका). शिखा बुक्स ।
थपलिया, जी. (२०७५). *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना.* विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा समाजशास्त्र डीनकार्यालय, त्रिभुवन विश्वविद्यालय ।
पाण्डेय, ए.के. (सन् २०११). *भारतीय दर्शन में पर्यावरण चेतना.* हिन्दुस्तानी एकेडेमी ।
पोखरेल, एस. (२०५६). *शून्य मुटुको धड्कनभित्र.* वाणी प्रकाशन ।
बस्ताकोटी, आर. (२०८१). *पानीको रङ.* शिखा बुक्स ।
बस्नेत, जि.बि. (सन् २०२५, फेब्रुअरी).सफा हिमाल अभियानमा सेनाको भूमिका. *युनिटी जर्नल,* भोलुम ६, (पृ.३५९-३७२) । https://doi.org/10.3126/unityj.v6i1.75702
बाउसे, के. (२०८०). *पर्याप्रेमको गुञ्जन.* स्वदेश प्रकाशन प्रा.लि. ।
सरुभक्त (सम्पा.). (२०५३). *संरक्षण कविता यात्रा.* पोखरा : श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ।
सुब्बा, डि. (सन् २०२१). *नेपाली कवितामा परिवेश.* उपमा पब्लिकेसन ।
सुब्बा, एम. (२०७०). *भुइँफुट्टा शब्दहरू.* साङ्ग्रिला बुक्स ।
Abraham, M.H. (2005). *A glossary of literary terms* (8th ed.).United States of America: Michael Rosenberg.
Bate, J. (2000). *The song of the earth*. Harvard University Press.
Bennett, J. (2010). *Vibrant matter : A political ecology of things*. Duke University Press.
Braidotti, R. (2013). *The posthuman*. Polity Press.
Glotfelty, C. & Fromm, H.(Eds.). (1996).*The ecocriticism reader : landmarks in literary ecology*. Athens and London : University of Georgia Press.
Hannigan, J. (2006). *Environment sociology* (2nd ed.). New York: Routledge.
Haraway, D. (2016). Staying with the trouble : Making kin in the Chthulucene. Duke University Press.
Howarth, W.(1996). Some principles of ecocriticism. *The ecocriticosm reader : landmarks in literary ecology* (C.Glotfelty and H.Fromm, Eds.). University of Georgia Press.
Kapri, C.S. (2025, feb). Climate change and Its Impact on Biodiversity of Nepal. *Unity Journal,* 6 (pp. 267-275). https://doi.org/10.3126/unityj.v6i1.75697
Kerridge, R. (2006). *Environmentalism and ecocriticism*, Oxford University Press.
Lovino, S. & Oppermann, S. (2014). *Material ecocritism*. Indiana University Press.
Morton, T. (2010). *The ecological thought*. Harvard University Press.
Næss, A. (1995). Deep ecology and lifestyle. *Deep ecology for the 21st century,* Shambhala Publications.
Rueckert, W. (1978). Literature and Ecology : An Experiment in Ecocritism. The Ecocritism Reader : Landmarks in Literary Ecology.
Shrestha, S. (2025, Aug 11). Guardians of the Green : Five Decades of Nepali Army in Nature Conservation. https://diplomatnepal.com/

-◆◆◆-